**कुश्मा नगरपालिकाको तेह्रौं नगरसभामा उपस्थित नगरसभा सदस्यज्यूहरू,**

नेपालको संविधानले आत्मसाथ गरेको संघीय शासन प्रणालि सुदृढ गर्दै नगरवासीको आशा विश्वास र आकंक्षालाई व्यवहारमा रुपान्तरण गर्ने शासन, विकास र सेवा प्रवाहमा गुणात्मक सुधार गर्ने सामुहिक प्रतिवद्दताका साथ कुश्मा नगरपालिकाको यस गरिमामय नगर सभाको तेह्रौं अधिवेशनमा उपस्थित नगरसभाका सम्पुर्ण सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्दछु ।

कुश्मा नगरपालिकाको यस सम्मानित सभामा नगर प्रमुखको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेकोछु । यस महत्त्वपूर्ण घडीमा राष्ट्रको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण र राजनीतिक परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

लोकतन्त्रको आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नका लागि कुश्मा नगरपालिकाको **"समृद्ध सुन्दर कुश्मा नगर"** को दीर्घकालीन सोच पूरा गर्नेतर्फ प्रतिवद्ध रही नागरीकले अनुभूत गर्नेगरी दूरगामी र महत्त्वपूर्ण प्रभाव पार्ने कार्यक्रम निरन्तर रुपमा गरीएकोछ । यस कार्यमा योगदान पुर्‍याउनुहुने सबै पक्षमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र सेवा प्रवाहमा आम जनताले अनुभूति गर्न सक्ने गरी सुधार गर्न नगरपालिका स्पष्ट कार्ययोजना सहित अघि बढेकोछ । जनताको सार्वभौम अधिकारलाई मध्यनजर गर्दै चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्न स्थानीय

सरकारको हैसियतले विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन हुँदै आइरहेको छ।

निरन्तरता दिनुपर्ने विगतदेखि सञ्चालित आवश्यक कार्यक्रमहरूको निरन्तरता दिँदै नगरसभा, कार्यपालिका, शाखा र वडास्तरबाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ। कार्यपालिका अन्तर्गतका विषयगत समितिहरूको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतिको विकास गरीएको छ । जनतासँग प्रत्यक्ष सम्पर्क रहने वडा कार्यालयहरूको क्षमता विकास र श्रोत साधनमा उल्लेख्य निक्षेपण गरी विकासको गतिलाई तीब्रता दिने नीतिलाई आगामी आर्थिक वर्षमा विशेष प्राथमिकतामा राखिनेछ ।

विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेकोछु, जसको प्रभावकारी कार्यान्वयनबाट नगरको आर्थिक, सामाजिक, भौतिक, राजनीतिक लगायत समग्र विकासमा टेवा पुग्ने विश्वास गरेकोछु।

**<u>नगरसभा सदस्यज्यूहरू,</u>**

अब म, कुश्मा नगरपालिकाको विगत चार आर्थिक वर्षको नीति कार्यक्रम र त्यस अनुसार पारित भएका बजेटका अपेक्षित लक्ष्य, कार्यान्वयन पछि भएका उपलब्धि, कार्यान्वयनमा थपिएका चुनौतीहरु बीच प्राप्त भएका केहि उल्लेखनीय कार्यहरु समीक्षात्मक रुपमा प्रस्तुत गर्न चाहन्छु।

- कुश्मा नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि जिल्ला समन्वय समितिको हाताभित्र रहेको जग्गा नगरपालिकाको भोगाधिकारभित्र ल्याई प्रशासकीय भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

- कुश्मा नगरपालिका वडा नं. ३, ९, १३ र १४ का वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको छ, वडा नं. १ र ८ को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने वडा नं. २ र ११ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी निर्माण कार्य अगाडी बढाइएको छ ।
- कुश्मा नगरपालिका वडा नं. १ र २ को स्वास्थ्य चौकी भवन, वडा नं. १२ को नगर अस्पताल निर्माण कार्य सम्पन्न भएको छ भने वडा नं ३, ८ र १० मा निर्माणाधिन अवस्थामा रहेका छन् ।
- नागरिकको सेवा, बजार र अवसरमा पहुँच विस्तार गर्नका लागि नगर क्षेत्रभित्र ८.९ कि.मि. सडक विस्तार, ८ कि.मि. सडक कालोपत्रे, ५.५ कि.मि. सडक ढालन, १९ कि.मि. सडक ग्रावेल, ९ कि.मि. पक्की नालि, १७ कि.मि. कच्ची नाली, ५ कि.मी. सिंचाई कुलो, ४.५ कि.मि. गोरेटोवाटो र ४ वटा झोलुङ्गे पुल निर्माण गरिएको छ ।
- नगरपालिकालाई आर्थिक रुपमा सक्षम र सवल बनाउनका लागि वडा नं ५ बडगाउँमा बहुउद्देश्यिय भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।
- ज्येष्ठ नागरिकका लागि सम्मानजनक जिवनयापन सुनिश्चित गर्न कुश्मा नगरपालिका वडा नं ७, ९ र १३ मा जेष्ठ नागरिक भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेका छन् ।
- कुश्मा बजारलाई सफा, सुन्दर र व्यवस्थित बनाउँदै यात्रु र सवारी साधनहरुको सहजता र सुरक्षाका लागि वडा नं ६ बान्द्रेविडिमा कुश्मा बसपार्क निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।
- करदातामा भएको कर सचेतना अभिवृद्धिले राजस्वको दायरा वृद्धि गरी कर संकलन कार्य अनुमानयोग्य बनाई आन्तरिक आयका आधारहरु तय गरिएको छ ।
- हिंसा प्रभावित/जोखिममा परेका व्यक्तिहरुका लागि संरक्षण, उद्दार, पुनर्मिलन र पुनर्स्थापना तथा सामाजिक पुन:एकिकरणका लागि

अल्पकालिन सेवा केन्द्र (सेफ हाउस) भवन निर्माण भई सूञ्चालनमा रहेको छ । हालसम्म ७० जना हिंसा प्रभावित व्यक्तिहरुको उद्धार तथा संरक्षण गरी पारिवारमा पुनर्मिलन गरिएको छ ।

- पर्यटन प्रवर्द्धनका लागि कुश्मा नगरपालिका वडा नं ५ मा घण्टाघर निर्माण कार्य सम्पन्न र्गरिएको छ भने वडा नं. ४ मा गुप्तेश्वर पर्यटन प्रवर्द्धन केन्द्र अन्तर्गत विभिन्न संरचनाहरु निर्माणका चरणमा रहेका छन् ।
- आर्थिक,सामाजिक, सांस्कृतिक र धार्मिक रुपमा संस्कार संस्कृति संरक्षण गरि पर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको स्तरोन्नती गरिएको छ ।
- एक घर एक धारा खानेपानी कार्यक्रम सञ्चालन गरिएको छ ।
- नगरपालिकाबाट प्रदान गरिने अधिकांस सेवाहरु सूचना प्रविधि मार्फत प्रवाह गरिएकोछ ।
- निजि आवास पुर्ननिर्माण, पुनस्र्थापना, प्रवलिकरण कार्यक्रम अन्गर्गत १२४ वटा घरहरु पुनर्निमाण सम्पन्न भएका छन् भने  १६ वटा घरहरु पुनर्निमाणको क्रममा रहेका छन् ।
- स्थानीय विपद् व्यवस्थापन कोष स्थापना गरि क्षतिग्रस्त घर परिवारका लागि तत्काल राहत वितरण गर्दै आइरहेको छ ।
- स्थानीय वन ऐन र नियमावली निर्माण गरि निजि वनको दर्ता, उपयोग, नियमन र निकासी गर्ने कार्य अगाडी बढाईएको छ ।
- सर्वसाधारणको आवतजावतमा  सहजताका लागि करिव २५ वटा अटोरिक्सा सञ्चालकलाई  रुट परमिट दिइएको छ ।
- महिलाहरुको ससक्तिकरणका लागि १०० जना महिलाहरुको सहभागितामा लोक सेवा तयारी कक्षा, ५०० जना महिलाहरुका लागि नेतृत्व  तथा  क्षमता विकास तालिम, २०० जना महिलाहरुका लागि सीप विकास तालिम र ५० जना विपन्न महिलाहरुको लागि अनुदान उपलव्ध गराईएको छ ।

- १९२० जना दलित समुदायका व्यक्तिहरुको सहभागितामा सशक्तिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिएको ।
- जेष्ठ नागरिकहरुको ज्ञान सीप क्षमता र अनुभव युवा पुस्तामा हस्तान्तरण गर्नको लागि  ६०० जना विद्यार्थीहरुको सहभागितामा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिएको साथै ४२ जना  ज्येष्ठ नागरिकलाई सम्मान गरि सामाग्री वितरण गरिएको ।४५० जना ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको ।
- अपाङ्गता भएका व्यक्तिहरुको अवस्था पहिचान गरी ३०५ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिनुका साथै समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन गरिएकोछ।

**नगरसभा सदस्यज्यूहरु,**

- कृषिको आधुनिकीकरण तथा व्यवसायीकरणका लागि कृषि यान्त्रिकिकरण अन्तर्गत कृषकहरुलाई ४०० वटा मिनीटिलर वितरण गरिएकोछ ।
- कृषकहरुको आय आर्जन वृद्धि गर्नका लागि ५२० वटा मौरीगोला तथा ११०० वटा खाली मौरीघार वितरण गरिएकोछ ।
- १५० रोपनी जग्गामा केरा खेति विस्तार कार्यक्रम सञ्चालन गरिएकोछ ।
- कृषकहरुलाई माटो सुधार उन्नत बिउबिजन, टनेल निर्माण तथा कृषि सामग्रीहरु अनुदानमा वितरण गरिएकोछ ।
- कृषकहरुलाई कृषि प्रबिधि तथा सिप बिकासको लागि बिभिन्न तालिम तथा कार्यकम संचालन र प्राविधिक सेवा प्रदान गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भएकोछ ।
- राष्ट्रिय कृषि आधुनिककिकरण परिजोजना सग समन्वय गरि खाद्यान्न, फलफूल, तरकारी, मसलाबाली पकेट क्षेत्र विस्तार गरिएकोछ ।

- नाफा परियोजना अन्तर्गत २५० रोपनी जग्गामा किवी, एभोकाडो, मेकाडेमिया नट, ओखर, कागती, सुन्तला फलफुल बगैचा विस्तार भएको छ भने ४ वटा कृषक पोषण पाठशाला कक्षा संचालन गरिएकोछ ।
- तरकारी उत्पादन लाई प्रोत्साहन गर्नको लागि लक्षित समुह लाई १०० थान हाईटेक प्लास्टिक टनेल साथै अन्य कृषि सामग्री निशुल्क वितरण गरिएकोछ।
- सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवामा आप्रवासी स्रोत केन्द्रबाट १३,६४५ जनामा पहुँच पुगेकोछ ।
- वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, विरामी, हाराएका व्यक्तिको खोजी, अलपत्र उद्दार, ठगी, लगायतका समस्यामा परेका श्रमिक तथा उनिहरुको परिवारको सदस्यहरुलाई निशुल्क कानुनी सहायता अन्तर्गत १०२ जना श्रमिक तथा उनिहरुको परिवारका सदस्यहरुलाई रु. ३ करोड ६२ लाख ९४ हजार ८ सय ९१ रुपैयाँ आर्थिक सहायता प्राप्तिमा सहजिकरण गरिएकोछ ।
- समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह तथा अभिमुखिकरण कार्यक्रम मार्फत ११३४ जना व्यक्तिहरु लाभन्वित भएकाछन । यस कार्यक्रम मार्फत वैदेशिक रोजागारीसंग जोडिएका समस्यहरुको पहिचान तथा सेवा सुविधा प्राप्त गर्ने व्यक्तिको संख्यामा वृद्दी भएकोछ। वैदेशिक रोजगारीमा देखिएको जोखिम न्यूनीकरणमा सघाउ पुगेकोछ।
- मनोसामाजिक परामर्श सेवा अन्तर्गत २० जना सेवाग्रहीहरुलाई परामर्श सेवा प्रदान गरिएको जसमध्ये ११ जना व्यक्तिहरु पुनः सामान्य जिवनशैलिमा फर्किएकाछन ।
- ३९८५ बेरोजगार व्यक्ति सूचिकृत गरी ४०२जना व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराइएको । श्रम स्वीकृति तथा पुनः श्रम

स्वीकृति, सीप, तालिम तथा नेपाल सरकारबाट प्रदान गरिने कल्याणकारी सेवाहरु एकिकृत रुपमा प्रदान गरिएकोछ ।

**नगरसभा सदस्यज्यूहरु,**

- कुश्मा नगरपालिकाका १४ वटै वडाहरुमा MIS अनलाईन प्रणाली मार्फत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली लागू गरिएकोछ ।
- २०४७ सालदेखि ढड्डामा अभिलेख राखिएका हस्तलिखित घटना दर्ताहरुलाई VERSP- MIS प्रणालीमा डिजिटाईजेसन गरिएकोछ ।
- बैंकिङ प्रणाली (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता प्रत्येक लाभग्राहीको खातामा जम्मा गरिदिने प्रणालीको व्यवस्था गरिएकोछ ।
- राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गराई बायोमेट्रिक भेरिफिकेसन मार्फत सामाजिक सुरक्षा भत्ता दर्ता तथा नविकरण गर्ने कार्य शुरु गरिएकोछ ।
- विद्यालय जाने उमेरका सवै बालवालिकाहरुमा विद्यालयको पहुँच पुर्याई नगरपालिकाको खुद भर्नादर ९८.५ पुगेकोछ ।
- कक्षा ८ को परिक्षामा ६४ प्रतिशत र एइइ परिक्षामा ७५ प्रतिशत विद्यार्थीहरुले प्राप्त गरेको न्यूनतम ग्रेडका आधारमा कक्षा ८ तथा एस इ इ परिक्षाको नतिजामा क्रमिक सुधार हुदै गएकोछ ।
- नगर क्षेत्रभित्रका सवै विद्यालयहरु भौतीक रुपमा सुविधा सम्पन्न भएका छन् । सवै माध्यमिक विद्यालयहरुमा सूचना प्रविधी ल्याव, विज्ञान प्रयोगशाला र पुस्तकालयको पहुँच पुगेकोछ ।
- नगरपालिका स्तरिय रनिङ शिल्ड प्रतियोगिता निरन्तर रुपमा सञ्चालन गरिएकोछ । लगातार ४ वर्ष सम्म जिल्ला स्तरिय प्रतियोगितामा नगरपालिकाले प्रथम स्थान हाँसिल गर्न सफल भएकोछ ।
- विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरि एस इ इ मा ३.६३ वा सो भन्दा वढी जि पि ए प्राप्त गर्ने करिव २०० भन्दा वढी

विद्यार्थीहरुलाइ कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृती प्रदान गरिएकोछ ।

- प्राथमिक तहमा स्वेछिक अवकाश योजना कार्यान्वयन गरी दरवन्दी मिलान कार्य अन्तिम चरणमा रहेकोछ ।
- न्यून विद्यार्थी संख्या भएका विद्यालयहरु मर्ज गरीएकोछ । हाल सम्म प्राथमिक तहमा ३ वटा विद्यालयहरु मर्ज गरिएकोछ ।
- संस्थागत विद्यालयले प्रदान गर्ने विपन्न छात्रवृतिलाइ व्यवस्थित गर्नको लागि विद्यालयले सूचना प्रकाशन गरी नगरपालिकासँगको समन्वयमा प्रदान गर्ने कार्यको सुरुवात गरिएकोछ।
- कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रमको निर्माण गरिएकोछ ।

**नगरसभा सदस्यज्यूहरु,**

- आर्थिक पारदर्शिता र सुशासनमा जोड दिईएकोछ, वेरुजु न्यूनिकरणलाई प्राथमिकता दिईनेछ। कुल १० करोड ४५ लाख ९३ हजार ५ सय २३ रुपैयाँ बेरुजु फछ्यौंट गरिएकोछ ।
- स्थानीय स्रोत साधनको परिचालनको माध्यमबाट गरिवी निवारण तथा स्वरोजगारी सृजना गर्ने उद्देश्यका साथ २४१ जना लघु उद्यमी सृजना तथा १३४ जना लघु उद्यमीको स्तरोन्नती गरिएकोछ ।
- कुश्मा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको प्रोफाईल तयार गरिएकोछ ।सहकारी संस्थामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धिको लागि सहकारी सम्बन्धी तालिम संचालन गरि कोपोमिस सञ्चलानमा ल्याईएको।२ वटा सहकारी संस्थाहरु मर्ज गर्ने कार्य गरिएकोछ।
- न्यायिक कार्य सम्पादन अन्तर्गत न्यायिक समितिमा पेश हुन आएका ४७ बटा मुद्दाहरु मध्ये २८ वटा फछ्यौंट गरिएकोछ र १९ वटा फछ्यौंटको क्रममा रहेकाछन ।

- १४ वटै वडाहरुमा न्यायिक निरुपण कार्य  छिटो छरितो सम्पादन गर्नका लागि ४२ जना मेलमिलापकर्ता सूचिकृत गरि तालिम प्रदान गरिएकोछ ।
- कुश्मा नगर अस्पताल, पाङ र आर्थर डाडाखर्क स्वास्थ्य चौकीमा एम्बुलेन्स सेवा संचालन गरिएकोछ ।
- क्षयरोग मुक्त अभियान र क्षयरोग खोजपड्ताल शिविर सञ्चालन गर्दा ८४१ जनाको स्वास्थ्य परिक्षण गरियो जसमा ३८ जना संकास्पद विरामी भेटिएकोमा १० जनाको सफल उपचार गरिएको छ ।
- दुर्लुङ, खुर्कोट र पाङमा Washfit निर्माण सम्पन्न गरिएकोछ ।
- हरेक समुदायमा मुख स्वास्थ्य सेवा अभिवृद्धि गर्नका लागि ६ वटा वडामा जिभाय मुख स्वास्थ्य कार्यक्रम सञ्चालन गरिएकोछ ।
- स्वस्थ जनशक्ति निर्माणका लागि पूर्णखोप सुनिश्चिता तथा दिगोपना घोषणा कार्यक्रम निरन्तर सञ्चालन गरिएकोछ ।
- गुणस्तरी सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड (MSS) कार्यक्रम १० वटा स्वास्थ्य संस्थामा सम्पन्न गरिएकोछ ।
- योग र ध्यानको विधिबाट शारीरिक, मानसिक र व्यक्तित्व  विकास गर्ने उद्देश्यले वडा नं ५ मा नागरिक आरोग्य केन्द्रको स्थापना गरिएकोछ ।
- स्वास्थ्य संस्था नभएका वडाहरुमा न्यूनतम एक स्वास्थ्य संस्था स्थापना गर्ने राज्यको नीति अनुरुप  वडा नं ४, ६ र ७ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र्को स्थापना गरि सेवा सुचारु गरिएकोछ।
- ठुलिपोखरी, पाङ र कटुवाचौपारी स्वास्थचौकीमा ग्रामिण भिडियो X-ray  सेवा संचालन गरिएकोछ ।
- पेपरलेस प्रविधि सेवा (eTB, eHMIS, DHIS, PAMSV2) को Digital System को सुरुवात गरिएकोछ ।
- एक स्वास्थ्यकर्मी एक स्वास्थ्य शिक्षा कक्षा संचालन गरिएकोछ ।

**नगरसभा सदस्यज्यूहरु,**

- पशु चौपायमा देखिने आकस्मिक रोग तथा महामारी नियन्त्रण गर्न निःशुल्क औषधी जन्य समाग्री वितरण गरिएकोछ ।
- कृत्रिम गर्भाधान तथा प्रकृतिक गर्भाधान सेवा विस्तार गरि उन्नत नश्लाका पशुहरुको संख्यामा बृद्धि गर्ने उद्धेश्यले कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिएको ।
- दुध तथा दुध जन्य पदार्थमा नगर लाई आत्मा निर्भर बनाउन दुहुनो पशुमा अनुदान कार्यक्रम संचालन गरिएको ।
- रेबीज रोगको संक्रमण न्यूनिकरणका लागि Zero Rabies By 2030 अवलम्बन गर्न जनचेतना, विद्यालय शिक्षा, सामुदायिक कुकुर बन्ध्याकरण तथा निःशुल्क रेबीज विरुद्धको खोप कार्य सम्पन्न भएकोछ।
- नगर क्षेत्र भित्र सफा र स्वच्छ मासु/मासु जन्य पदार्थको व्यवस्थापन गर्न चौमासीक रुपमा नियमित मासु पसल फ्रेस हाउस अनुगमन गरिएकोछ ।
- African Swine Fever बाट क्षति पुगेका बंगुर/सुंगुर पालक कृषकहरुको आर्थिक साहायताका लागि बंगुर प्रवर्धन कार्यक्रम संचालन गरिएकोछ ।
- पशुपंछी जन्य उत्पादन वृद्धिको लागि आवश्यक पर्ने हिउँदे तथा वर्षे घाँसको व्यवस्थापन गर्न घाँसको विउ वितरण गरिएकोछ ।
- निःशुल्क पशु स्वास्थ्य सिविर संचालन गरिएको छ ।
- नगरपालिकाले भू-उपयोग वर्गीकरणलाई कार्यान्वयन गरी कृषि योग्य जग्गामा हुने अनावश्यक जग्गाहरुको खण्डीकरणलाई रोक लगाई वन क्षेत्र ,(नदी ,खोला ,ताल ,सिमसार) सार्वजनिक उपयोग क्षेत्र ,सांस्कृतिक तथा पुरातात्त्विक महत्व क्षेत्र,खानी तथा खनिज क्षेत्रको सरक्षण कार्य गरिएकोछ ।

- नगरपालिकाले आफ्नो  क्षेत्राधिकार भित्र रहेका सरकारी ,सार्वजनिक जग्गाहरुको पहिचान गरी उक्त जग्गाहरुको अतिक्रमण नियन्त्रण,अनधिकृत प्रयोग रोकथाम  गरी संरक्षण कार्यलाई विशेष प्राथमिकता साथ कार्यान्वयन गरिएकोछ ।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधनको लागि कुल २४० लाभग्राहीको पहिचान गरी भूमि समस्या समाधान समिति, पर्वत सँग आवश्यक समन्वय, पहल तथा सहजीकरण गर्दै जग्गाधनी प्रमाण  पुर्जा प्राप्तिका लागि  विभिन्न चरणमा काम भईरहेको छ ।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

स्थानीय स्रोत र साधनको प्रभावकारी परिचालन गरी प्राप्त उपलब्धिको समतामूलक वितरण र वातारणमैत्री विकासमा केन्द्रित हुँदै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित काम, कर्तव्य र अधिकार, नगरपालिकाको वित्तीय अधिकारक्षेत्रका मार्गदर्शन, कुश्मा नगरपालिकाले अघि बढाएका नीति तथा कार्यक्रमहरूको समीक्षा, प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल गरेका अनुभव तथा नेपाल सरकार र गण्डकी प्रदेश सरकारको चालु आवधिक योजना, कुश्मा नगरपालिकाको दीर्घकालीन सोच, रणनीनिक योजना, आवधिक योजना र दिगो विकासका लक्ष्यहरूमा आधारित भई आगामी आर्थिक वर्षका लागि यो नीति तथा कार्यक्रम तर्जुमा गरीएको छ ।

उल्लेखित पृष्ठभूमिमा आधारित भई अब म कुश्मा नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्ताव गर्दछु।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

**संस्थागत विकास तथा सुशासनतर्फ**

१. कुश्मा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य निर्धारित समयमा नै सम्पन्न गरी नयाँ भवनबाट सेवाप्रवाह गरिनेछ ।
२. कुश्मा नगरपालिका वडा नं ११ र वडा नं २ को वडा कार्यालय भवन निर्माण कार्य अगाडी वढाइने र वडा कार्यालय भवन नभएका अन्य वडाहरुमा जग्गा व्यवस्थापन गरी क्रमशः भवन निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
३. भष्ट्राचार र अनियमिताका सम्बन्धमा शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । पारदर्शिता, जवाफदेहिता, विधिको शासन, प्रभावकारीता र दक्षता जस्ता सुशासनका औजारहरुको प्रभावकारी प्रयोग गर्दै नगरबासीलाई सुशासनको प्रत्याभूति दिइनेछ ।
४. कर्मचारीको समयपालना र नियमितता कायम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगर कार्यपालिकाको कार्यालय र स्वास्थ्य संस्थाहरुमा सञ्चालन हुदै आएको ई-हाजिरी प्रणालीलाई चालु आ.व. भित्र सम्पुर्ण वडा कार्यालयमा पुर्ण रुपले लागु गरिनेछ ।
५. बदलिंदो कार्यवोझ नवप्रवर्तनकारी सेवा प्रविधीको बढदो उपयोगलाई दृष्टिगत गरि संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी नगरपालिकाको संगठन संरचना र दरबन्दी वैज्ञानिक एवं बस्तुनिष्ठ पुनरावलोकन गरिनेछ ।
६. नगरपालिका र सो अन्तर्गतका कार्यालयहरुको कार्यसम्पादनलाई पारदर्शी नतिजामूलक र जवाफदेही तुल्याई सुशासन प्रवर्द्धन गर्नका लागि साझा सरोकारका विषयमा छलफल, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण लगायतका कार्यक्रमहरु अगाडी वढाईनेछ ।
७. सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहका लागि नगरपालिकामा स्थापना गरिएको सहायता कक्ष (Help Desk) लाई थप व्यवस्थित गरिनेछ।

साथै प्रत्येक वडा कार्यालय र स्वास्थ्य संस्थामा समेत (Help Desk) स्थापना गर्ने नीति लिईनेछ ।

८. सेवा प्रवाह मापदण्ड कार्यान्वयन गरिनेछ Right Man in Right Place At Right time को अवधारणा लागू गर्दै शाखागत रुपमा कर्मचारीहरुलाई निश्चित सूचकका आधारमा कार्यविववरण सहितको कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन तहको आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ ।

९. सेवा प्रवाह एवं अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सूचना तथा अभिलेख केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

१०. नगरकार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी तथा सूचना प्रविधीमैत्री बनाउँदै लगिनेछ।

११. संघीय तथा गण्डकी प्रदेश सरकारको ऐन तथा नीति बमोजिम कर्मचारीहरुको स्तरवृद्धि र तहवृद्धि लगायत अन्य सेवा सुविधाको व्यवस्थाहरुलाई कार्यान्वयन गरिनेछ ।

१२. सेवा करारमा कार्यरत कर्मचारीहरुको योगदानको उच्च सम्मान गर्दै सामाजिक सुरक्षा प्रणालीमा आवद्धता गरिनेछ।

१३. जनप्रतिनिधि र कर्मचारीहरुलाई सेवा प्रवाहमा उत्प्रेरित गर्नका लागि सार्वजनिक सेवा प्रवाह, स्थानीय सरकार सञ्चालन जस्ता विषयमा क्षमता विकास कार्यक्रम, असल अभ्यास आदानप्रदान र अध्ययन अवलोकन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. जनताले मागेको सूचनालाई समयमा नै उपलब्ध गराई सूचनाको हकलाई पूर्ण कार्यान्वयन गरिनेछ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनको लागि गुनासो सुनुवाइ संयन्त्रलाई व्यवस्थित गराइनेछ ।

१५. सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र

आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली(LGPAS) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

१६. कृषि सेवा, पशु सेवा, इन्जिनियर सेवाका प्राविधिक कर्मचारीहरुलाई सम्बन्धित वडा कार्यालयबाट नै सेवा प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७. जनसङ्ख्या तथा भौगोलिक रुपमा ठूला रहेका वडाहरुको बिभाजन गर्ने कार्यलाई अगाडी वढाइने छ ।

१८. कुश्मा नगर क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा जडित इन्टरनेट सेवालाई थप गुणस्तरिय बनाउदै लगिनेछ।

१९. नगरपालिकाका गतिविधि ,सूचना तथा प्रगति विवरणहरुमा नागरिकको सहज र सरल पहुँचका लागि स्थानिय पत्रपत्रिका, रेडियो टेलिभिजन, वेभसाइट तथा सामाजिक सञ्जाल प्लटेफर्महरुको उपयोग गरिनेछ।

२०. सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आवद्ध गरि छिटो छरितो गुणस्तरिय र पारदर्शी बनाउदै लगिनेछ।

२१. नगरपालिका र मातहतका प्रशासनिक कार्यालय,महत्वपूर्न सार्वजनिक स्थल धार्मिक स्थल लगायत मानिसहरुको भिडभाड बढी हुने क्षेत्रमा सुरक्षा संबेदनशिलतालाई ख्याल गर्दै सि सी क्यामराबाट निगरानि गरिनेछ।

२२. कुश्मा नगरपालिका लाई सेवाग्राहि मैत्री बनाउन डिजिटल सूचना पाटी, नागरिक वडापत्रका अतिरिक्त नागरिक सहायता कक्षलाई थप व्यवस्थित गरि संचालन गरिनेछ।

२३. पोखरा महानगरसंग समन्वय गरि छिमेकी पालिका साझेदारी कार्यक्रम मार्फत सहसम्बन्ध विस्तार गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**राजश्व परिचालन तथा आन्तरिक आयतर्फ**

२४. राजस्व परिचालनलाई पारदर्शी, विश्वसनीय र प्रभावकारी बनाउन राजश्व प्रणालीलाई थप सुदृढ गरी राजश्वको दायरा वृद्धि र कर संकलनलाई अनुमानयोग्य बनाउन राजश्व प्रशासनको नीतिगत र संरचनागत सुधार गरी आन्तरिक आय अभिवृद्धि गरिनेछ ।

२५. महालेखा नियन्त्रक कार्यालयबाट तयार गरिएको स्थानीय तहको राजस्व व्यवस्थापन प्रणाली सुत्र राजश्व मोड्युल ( SUTRA- Revenue Module ) पूर्णरुपमा लागु गरी वडा तहबाटै राजश्व संकलन गरिनेछ ।

२६. आन्तरिक आयलाई मजबुद बनाई करको दरमा न्यूनीकरण, दायरामा विस्तारीकरण र असुलीमा सुदृढीकरणको नीति अख्तियार गरिनेछ ।

२७. निर्धारित समयमा, सबै प्रकारका, सबैभन्दा बढी कर तिर्ने करदातालाई उत्कृष्ट करदाताको रुपमा सम्मान गर्ने नीति लिईनेछ ।

२८. राजश्व सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न संघीय सरकार, गण्डकी प्रदेश सरकार, अन्य स्थानीय तह र निजी क्षेत्र, नागरीक समाज, गैर सरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय एवं सहकार्य गरिनेछ।

२९. राजश्व सुधार कार्ययोजना तयार गरी राजश्व परिचालन गरिनेछ । कर सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०. सम्पत्ति कर, भूमिकर, व्यवसाय कर र घर/जग्गा बहाल करलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गरी कर असुल उपर गरिनेछ ।

३१. नगरपालिकामा बुझाउनुपर्ने सबै प्रकृतिका करलाई पोर्टल मार्फत् बुझाउने व्यवस्था गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

**न्यायिक कार्यसम्पादनतर्फ**

३२. सूचीकृत मेलमिलापकर्ताहरुका लागि अभिमुखीकरण र क्षमता विकास कार्यक्रम संचालन गरी समुदायमा उत्पन्न हुने विवादको मेलमिलापको माध्यमबाट दिगो समाधान गरिनेछ।

३३. न्यायिक समितिका पदाधिकारी, जनप्रतिनिधि तथा न्यायिक निरुपणमा संलग्न हुने कर्मचारीहरुका लागि कानूनी सचेतना सम्बन्धी आवश्यक तालिम आयोजना गरिनेछ।

३४. स्थानीय तहबाट सम्पादन हुने न्यायिक कार्यसम्पादनको असल अनुभव आदान प्रदान गर्न अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ।

३५. विवाद समाधानका लागि न्यायिक समिति विवाद भएकै स्थानमा स्थलगत अनुगमनमा गई दुवै पक्षलाई छलफलमा ल्याई बुझी Win Win Position महशुस हुने गरी वास्तविक न्याय प्रदान गरिनेछ।

३६. नागरिकलाई स्थानीय न्यायिक अधिकारका वारेमा सचेतना कार्यक्रम संचालन गरिनेछ।

३७. विद्यालय तथा समुदायमा कानूनी साक्षरता अभियान संचालन गरिनेछ।

३८. प्रहरी, वकिल, अदालतसँग समन्वयात्मक कार्यक्रम संचालन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

**आन्तरिक लेखा परीक्षणतर्फ**

३९. वित्तीय सुशासन, सार्वजनिक उत्तरदायित्व, वित्तिय जवाफदेहीता अभिवृद्धिका लागि आवश्यक विधि र उपाय अवलम्बन गर्दै सबै प्रकृतिका बेरुजुलाई क्रमश घटाउदै शुन्य बेरुजु कायम गर्ने नीति लिइनेछ।

४०. आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाउदै सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न जोड दिइनेछ । अन्तिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिईनेछ।

४१. आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त बनाईनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**योजना तथा पूर्वाधार विकासतर्फ**

४२. नगरभित्रका सम्पुर्ण वडाहरुका केन्द्र सम्म पुग्ने सडक कालोपत्रे र अन्य मुख्य सडकहरु स्तरोन्नती गर्ने नीति लिईनेछ।

४३. विकास आयोजना छनौट गर्दा सामाजिक-आर्थिक लाभ, भौगोलिक सन्तुलन, उत्पादन र रोजगारी सृजनालाई प्रमुख आधार बनाइनेछ । पूर्व तयारी पुरा गरेका तथा प्रतिफल सुनिश्चित भएका योजना तथा कार्यक्रम मात्र छनौट गरिनेछ ।

४४. स्वच्छ, गुणस्तरीय र भरपर्दो खानेपानी सुविधा उपलब्ध हुनेगरी खानेपानीका कार्यक्रम कार्यान्वयन गरिनेछ । भूमिगत र सतह स्रोतको संरक्षण गर्दै "एक घर एक धारा" कार्यक्रमलाइ प्रभावकारी बनाइनेछ।

४५. योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति र निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धि गर्न वडा तहमा पुगी योजना कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

४६. योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई सूचना प्रविधीमा आधारित, नतिजामुलक तथा प्रभावकारी बनाइनेछ ।

४७. विकास कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मुल्याङ्कन प्रणालीलाइ सुदृढ बनाइ बजेट कार्यान्वयनलाई परिणाममुखी बनाइनेछ । आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न नीतिगत,कानुनी तथा प्रक्रियागत सुधार गरिनेछ ।

४८. वडा नं. ९ कटुवाचौपारी मल्याङ्गदीखोला लिफ्ट खानेपानी आयोजनाको कार्यलाई अगाडी बढाइनेछ ।

४९. वडा नं. १३ अन्तर्गत सेताढुङ्गा चनौटे थुम्का सालघारी अर्घसे लाँकुरी आ.वि. सडक र वडा नं १२ अन्तर्गत झाँक्रिखोला, लाम्पाटा, पौडेलचोक, राताडाँडा, रिप, कालिका मन्दिर सडक निर्माणको कार्यलाई अगाडी बढाइनेछ ।

५०. वडा नं. १३ खौलालाकुरीमा लिफ्ट खानेपानी योजना सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**पर्यटन विकास तथा प्रवर्द्धन तर्फ**

५१. वडा नं ४ स्थित गुप्तेश्वर गुफामा वृहत शिवपर्वती मुर्ति स्थापना गर्ने कार्य अगाडी बढाईनेछ साथै वडा नं. १ र २ पार्वती गुफाको भौतिक पुर्वाधार विकासलाई अगाडी बढाईनेछ।

५२. वडा नं. ४ मा निर्माणाधिन गुप्तेश्वर पर्यटन प्रवर्द्धन केन्द निर्माणको कार्यलाई निरन्तरता दिइनेछ। ज्ञादी खौलाभुमेकोट र जुम्लिथान क्षेत्रको विकास कार्यलाई अगाडी बढाईनेछ ।

५३. कुश्मा नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि नगरभित्र रहेका प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थलहरुको राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रचार प्रसार गरी पर्यटन व्यवसायलाई नगरको समृद्धिको प्रमुख आधार बनाइनेछ ।

५४. अनुपम प्राकृतिक सौन्दर्यको रुपमा रहेको कुश्मा नगरमा साहसिक पर्यटन वञ्जिजम्प, जिपलाईन, काइकिङ, क्यानोनिङ, र्‍याफ्टिङ्ग, रक क्लाइम्बिङ, लगायतका गतिविधि प्रवर्द्धनमा निजी क्षेत्रसँग समन्वय गरी उत्कृष्ट प्रर्यटकीय गन्तब्यको रुपमा स्थापित गरी पर्यटकको बसाई अवधि लम्बाउन पहल गरिनेछ ।

५५. नगरक्षेत्र भित्र रहेका धार्मीक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकिय स्थलहरु माठमन्दिर, गुम्बा, गुफा, संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।

५६. वडा नं ४ मा निर्माणाधिन नेपाल पार्क संघ तथा प्रदेश सरकारसंगको समन्यवमा निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

५७. पुर्वजको रहनशहन, परम्परा एवं रितीरिवाज नयाँ पिंडीमा हस्तान्तरण गर्ने परम्परागत घर, पैदल मार्ग, ईनार, कुवा, पाटिपौवा आदिको संरक्षणमा विशेष प्राथमिकता दिईनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

## कृषि विकासतर्फ

५८. माटो स्वास्थ्य सुधार गर्न जैविक एबं प्राङ्गारिक मलमा अनुदानको व्यवस्था गर्दै जैविक विविधता संरक्षण र रैथाने बाली प्रबर्द्धन गरिनेछ।

५९. कृषि बिमालाई प्रोत्साहन गर्दै उत्पादित उपभोग्य वस्तुहरुको बिक्री वितरणको लागि हाटबजार, उपज संकलन केन्द्र निर्माण र व्यवस्थापन गर्ने नीति ल्याईनेछ।

६०. कृषकलाई प्राबिधिक ज्ञान, सिप र व्यवहारमा दक्ष बनाउनको लागि विभिन्न कृषि क्षेत्रमा आधारित तालिम संचालन गरिने छ ।

६१. नगर भित्ररहेका बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, कृषि सहकारी, कृषक समूह तथा कृषि फर्म, उद्यमहरुको विवरण सहितको पालिका स्तरीय कृषि प्रोफाइल तयार गरिनेछ।

६२. कृषिको यान्त्रिकरण, बजारीकरण, व्यवासायीकरण र विविधिकरण मार्फत कृषिमा आत्मनिर्भर नगर निर्माण गरिनेछ, कृषिमा यान्त्रिकरणका लागि अनुदान उपलब्ध गराइनेछ ।

६३. बालीमा लाग्ने रोग किराको पहिचान गरी बाली संरक्षणको लागि पालिका भित्र प्लान्ट क्लिनिक संचालन गरिने नीति लिईनेछ ।

६४. मानब र कृषि हानिकारक जन्तुहरु विचको द्वन्द्व न्यूनिकरण बाताबरण संरक्षण तथा दिगो कृषि प्राणलीको बिकासका लागि उपयुक्त बाली प्रबर्द्धन बन क्षेत्र ब्यबस्थापन तथा बाताबरण मैत्री कृषि अभ्यासलाई प्रोत्साहन गरिने  नीति लिईनेछ ।

६५. रासायनिक बिषादीको प्रयोगले गर्दा बातावरण, माटो र उपभोक्ता, नगरवासीको स्वास्थ्यमा परेको असरलाई क्रमशः न्यूनीकरण गर्न जैविक बिषादी प्रयोगमा जोड दिईनेछ ।

६६. कृषिजन्य वस्तुहरुको बजारीकरणको व्यवस्था सहित फलफूल तथा अन्नबालीको पकेट क्षेत्र बिकासको घोषणा र बाली विमा विस्तार गरिनेछ ।

६७. बाझो खेति प्रबर्द्धन गर्नको लागि सामुहिक खेतिको व्यवस्थापन गर्ने नीति ल्याईनेछ।

६८. पहाडी काष्ठफल तथा फलफूल विकास आयोजना अन्तर्गत वाड नं. २ मा सुन्तला, कागती, च्याउ र किवी वाड नं.१२ मा मेकाड़ेमीयानट, वडा नं १३ मा सिस्नेपानी क्षेत्र र चपाईथर क्षेत्रलाई आलु पकेट विकास क्षेत्रको रुपमा विकास गरिनेछ। वडा नं.१४ मा ओखर फलफुल बगैचा विस्तार भएको र अन्य सम्भावित वडाहरुमा १० रोपनि बराबरका क्लस्टरहरुमा आगामी आ.व. मा निरन्तर दिईने नीति लिई फलफुल बगैचा विस्तार गरिने छ ।

६९. मौरी, च्याउखेति, पुष्प खेति लगायतका बहुआयामिक कृषि ब्यबसायलाई एकिकृत रुपमा प्रबर्द्धन गरि आयआर्जन बृद्दी गराई स्थानीय अर्थतन्त्रलाई सबल बनाईनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**पशुसेवातर्फ**

७०. बाह्रै महिना हरियो घाँस उत्पादनको लागि हिउँदे बर्षे तथा बहुबर्षे घाँस विकासको कार्यक्रमहरु संचालन गरिने छ ।

७१. पशुपंक्षीका बिभिन्न प्रकारको रोगहरु निदान, उपचार सेवा तथा रोगको रोकथाम र नियन्त्रण कार्यलाई प्राथमिकता दिईनेछ ।

७२. रेबिज जस्तो जूनोटिक रोगहरुको रोकथामको लागि घर पालुवा तथा सामुदायिक छाडा कुकुरहरुमा बन्ध्याकरण तथा रेबिज विरुद्धको खोप कार्यक्रम संचालन गरिनेछ ।

७३. नगरवासीहरुको स्वास्थ्य लाई मध्यनजर गर्दै प्रत्येक ३ महिनामा नगर भित्रका मासु पसल, फ्रेस हाउस, डेरी तथा औषधी पसल अनुगमन गरिनेछ र अवैध रुपमा पैठारी भएका माछामासु बेच बिखनमा रोक लागाईनेछ ।

७४. पशु उपचारको लागि पशुघुम्ती तथा बाँझोपन निवारण शिबिर संचालन गरी घर घरमा पशु स्वास्थ्य सेवा पुर्याईनेछ ।

७५. कृत्रिम गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लाका पशुहरुको संख्या तथा दुग्ध उत्पादनमा वृद्धि गर्न कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिनेछ ।

७६. पशुचौपायामा देखिने आकस्मिक रोग तथा महामारी नियन्त्रण गर्न निःशुल्क औषधी उपचार गरिने छ ।

७७. व्यवसायिक रुपमा पशुपालन गर्ने र उन्नत जातका पाडापाडी वाच्छावाच्छी पाल्ने कृषकहरुलाई प्रोत्साहित गरिनेछ।

७८. खाद्य तथा पोषण सुरक्षका लागि प्रति व्यक्ति प्रति वर्षको दुध मासु तथा अण्डाको उपलब्धताको अवस्था एकिन गरी प्रति व्यक्ति प्रति वर्षको दुध मासु तथा अण्डा उपभोगमा वृद्धि ल्याईनेछ।

७९. पशुपंक्षीजन्य व्यवसायहरुलाई व्यवस्थित रुपमा संचालन गर्नको निम्ती पशुपंक्षीजन्य फार्म तथा उद्योग व्यवसायहरुको अभिलेखिकरण दर्ता र नविकरण गरिनेछ ।

८०. स्थानिय जातका लोपुन्मुख पशुपंक्षीहरुको उचित संरक्षण र प्रवर्द्धन गरिनेछ ।परम्परागतरुपमा पालिएका हलगोरु पालनलाई प्रोत्साहन गरिनेछ ।

८१. नगरको मासुको वजारलाई व्यवस्थपन गर्न कुखुरा,खसिबोका, राँगा भैसी, बंगुर प्रशोधन गर्नका लागि वधशालामा व्यवस्थापन मिलाईनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

**भूमि व्यवस्थापनतर्फ**

८२. नगर क्षेत्र भित्र रहेका सरकारी ,सार्वजनिक जग्गाहरुको पहिचान गरी संरक्षण गर्ने कार्यलाई अगाडी बढाईनेछ।

८३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधनको लागी छिटो छरितो तवरबाट जग्गाधनी प्रमाण पुर्जा प्राप्तिका लागी भूमि समस्या समाधन समितिमा आवश्यक समन्वय, पहल तथा सहजीकरण गरिनेछ ।

८४. नापी र भुमि प्रशासन सम्बन्धी कार्यहरुको थालनीको लागी आवश्यक पुर्वाधार र आधारशिला तयार गर्दै लगिनेछ ।

८५. भू-उपयोग वर्गीकरणलाई कडाईका साथ कार्यान्यवन गरी कृषि क्षेत्र, वनक्षेत्र ,नदी ,खोला ,ताल ,सिमसार क्षेत्र, सार्वजनिक उपयोग क्षेत्र ,सांस्कृतिक तथा पुरातात्त्विक महत्व क्षेत्र, खानी तथा खनिज क्षेत्रको संरक्षण गरिने छ ।

८६. भू-उपयोग वर्गीकरणको क्रममा भएका त्रुटीहरुको पहिचान गरी आवश्यक संशोधन गरिने छ।

**नगरसभा सदस्यज्यूहरु,**

**सहकारीतर्फ**

८७. कुश्मा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सम्पुर्ण सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा अध्यावधिक गराई सहकारी संस्थाको सर्वाङ्गिण विकास तथा सुशासनको लागि अनुगमन, तथा नियमन गर्ने नीति लिईनेछ।

८८. नगरपालिका क्षेत्रभित्र रहेका निष्कृय सहकारी संस्थाहरुलाई मर्ज तथा खारेजी प्रकृयामा लगिनेछ ।

८९. विषय, प्रकृति, कारोवार तथा कार्यक्षेत्र मिल्दो सहकारी संस्थाहरुको एकिकरण/मर्ज गर्न सहकारी एकिकरण प्रकृयालाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

**शिक्षा, युवा तथा खेलकुदतर्फ**

९०. जीवनोपयोगी, आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।

९१. विद्यालय अनुगमन कार्यलाई सक्रिय बनाई अनुगमन प्रतिवेदनको आधारमा नगरपालिका भित्र रहेका विद्यालयहरुलाई विद्यार्थी संख्याका आधारमा कक्षा घटाउने तथा मर्ज गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९२. अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गर्न विद्यार्थीको स्क्रिनिङ गरी डेजी प्लेयर लगायतका आवश्यक सहायता सामग्री वितरण गरिनेछ।

९३. सवै विद्यालयमा ईमेल, इन्टरनेट जडान गरी विद्यालयलाई सूचना प्रविधिमैत्री गराइनेछ।नगरपालिका भित्रका सवै सामुदायिक माध्यमिक विद्यालयहरुमा कम्तिमा एउटा स्मार्ट वोर्ड उपलव्ध गराइनेछ ।

९४. विद्यालय दिवा खाजामा बजारमा तयारी जङ्क फुड निषेध गरिनेछ । स्थानिय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजाको व्यवस्थापन गरिनेछ ।

९५. स्थानिय उत्पादनमा आधारित दिवा खाजाका लागि आवश्यक खाद्यवस्तुको नियमित आपुर्तिका लागि किसान, साना किसान समूह वा कृषिमा आधारित सहकारी र विद्यालयविच समन्वयका लागि सहजीकरण गरिने छ ।

९६. प्रारम्भिक बालविकास केन्द्र, विद्यालय कर्मचारी र सहयोगीको तलब भत्तामा विगत बर्षमा दिइदै आएको थप रकमलाई निरन्तरता दिइनेछ ।प्रधानाध्यापकलाई दिइदै आएको थप भत्तालाई निरन्तरता दिइनेछ ।

९७. शैक्षिक व्यवस्थापन सूचना प्रणाली EMIS लाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ । सवै प्रकारका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई यस प्रणालीमा अनिवार्य आवद्ध हुनुपर्ने व्यवस्था मिलाइने छ । यसका लागि शिक्षकहरुलाई आवश्यक तालिम तथा प्रशिक्षण दिने नीति लिइनेछ । शिक्षकको तलव भत्ता शैक्षिक व्यवस्थापन सूचना प्रणाली मार्फत मासिक रुपमा भुक्तानी गर्ने व्यवस्था मिलाइने छ ।

९८. नगरपालिका भर एकै प्रकारको परीक्षा सञ्चालनको लागि कक्षा ३ देखि ११ सम्म विद्यालयस्तरमा लिइने वार्षिक परीक्षा नगरपालिका स्तरमा सञ्चालन गर्ने नीति लिइनेछ ।

९९. आधारभूत तहको अन्तमा लिइने कक्षा ८ को परीक्षालाई मर्यादित र व्यवस्थित गराउन केन्द्र परिवर्तन गरि सञ्चालन गर्ने नीति लिइनेछ ।

१००. SEE परीक्षा उत्तीर्ण गरेका दलित, विपन्न, अल्पसंख्यक तथा शहिद परिवारका विद्यार्थीहरुलाई उच्च तथा प्राविधिक शिक्षा अध्ययनका लागि प्रोत्साहन गरिनेछ ।

१०१. नगरपालिकाको नगर शिक्षा योजना निर्माण गरी सोही आधारमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

१०२. प्रत्येक सामुदायिक तथा सस्थागत विद्यालयमा स्काउट युनिट गठन र सञ्चालन गरि विद्यार्थिहरुमा नेतृत्व अनुशासन सेवा भावना आत्मनिर्भरता र सामाजिक उत्तरदायित्वको विकास गर्ने नीति लिइनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**स्वास्थ्य सेवातर्फ**

१०३. कुश्मा नगर अस्पतालको सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

१०४. सर्ने तथा नसर्ने रोगहरुको परीक्षण नियन्त्रण तथा रोकथामका लागि सुविधा सम्पन्न प्रयोगशाला स्थापना गरिनेछ ।

१०५. ज्येष्ठ नागरिक सम्म स्वास्थ्य सेवाको पहुँच बढाउनको लागी घर घरमा स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मीको परिचालन गर्नेकार्यलाई निरन्तरता दिईनेछ ।

१०६. मातृशिशु स्वास्थ्य सेवा प्रवर्द्धनको लागि सुत्केरी पोषण प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ।

१०७. लागुऔषध दुर्व्यसनी रोकथाम, आत्महत्या निरुत्साहन तथा प्रजनन सवास्थ्य सम्बन्धी सचेतना जगाउन किशोरकिशोरी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०८. गर्भवती महिलालाई क्याल्सियम, फोलिक एसिड, शिशुहरुलाई बालभिटा वितरण र शिघ्र कुपोषित बच्चालाई उपचारको व्यवस्था गरिनेछ ।

१०९. मातृ तथा शिशुमृत्युदर न्यूनीकरणका लागी ग्रामीण अल्ट्रा साउन्ड कार्यक्रमलाई घुम्ती सेवाको रुपमा सम्पूर्ण वडाहरुमा सञ्चालन गरिनेछ।

११०. संघीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थासंग समन्वय गरी प्रतिकारात्मक स्वास्थ्य सेवा संचालन गर्नको लागी हाल जिभाय नेपालद्धारा संचालन गरेको विद्यालय मुख स्वास्थ्य कार्यक्रमलाई सम्पूर्ण विद्यालयमा संचालन गरिनेछ ।

१११. नसर्ने रोग व्यवस्थापनको लागी सम्पूर्ण वडाहरुमा संचालन भईरहेको स्क्रिनिङ सिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११२. स्वास्थ्य संस्थामा निः शुल्क वितरण गरिने नेपाल सरकारले तोकेको ९८ प्रकारका औषधीहरु समयमा नै उपलब्ध गराईनेछ ।

११३. सबै स्वास्थ्य संस्थालाई प्रविधिमैत्री बनाउनको लागी eLIMS, EHS, DHIS प्रविधि लागु गरिनेछ । साथै नेपाल सरकारले सो प्रयोजनका लागी उपयोगमा ल्याउन लागेको Family Health Profile कार्यक्रम अगाडी बढाइनेछ ।

११४. स्वास्थ्यकर्मीहरुलाई प्रविधिमैत्री बनाई पेपरलेस प्रविधिद्धारा सेवा प्रवाहका लागी आवश्यक पर्ने सीपमुलक तालिम साथै भण्डारण व्यवस्थापनका लागी PAMS-V2 को अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

११५. स्वास्थ्य संस्थाको सेवालाई गुणस्तरीय बनाउनको लागी न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११६. बालबालिका, किशोरकिशोरी र सुनौला हजार दिन भित्रका आमा र बच्चालाई पोषण सुधारका लागी बहुक्षेत्रीय पोषण प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपका अगाडी बढाइनेछ ।

११७. वडा नं. ५ मा रहेको नागरीक आरोग्य केन्द्रलाई व्यवस्थापन गरी आयूर्वेदिक सेवालाई बिस्तार गरिनेछ ।

११८. क्षयरोग मुक्त कुश्मा नगर अभियानलाई थप प्रभावकारी रुपमा संचालन गरी क्षयरोगका बिरामीको खोजपड्ताल र उपचारको दायरामा ल्याईनेछ ।

११९. एक स्वास्थ्यकर्मी एक विद्यालय एक स्वास्थ्य शिक्षा कार्यक्रम कार्यन्वयनमा ल्याईनेछ ।

१२०. म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य कार्यक्रमलाई यसै आर्थिक वर्ष देखि कार्यन्वयनमा ल्याईनेछ।

१२१. नसर्ने रोगको प्रकोप न्यूनिकरण कार्यक्रम संचालन गरीनेछ ।

१२२. कुश्मा नगरपालिका क्षेत्रभित्र पायक पर्ने २ स्थानमा शव व्यवस्थापनका लागि मर्चरीको स्थापना गरिनेछ ।

१२३. कडा रोगीहरुको लागी मृर्गौला प्रत्यारोपण, डायलायसिस क्यान्सर र मेरुदण्डको पक्षघात भएका बिरामीहरुलाई उपलब्ध गराउदै आएको औषधीउपचार खर्चलाई निरन्तरता दिईनेछ।

१२४. लागु पदार्थको दुर्व्यसन, मादक पदार्थ सेवन, धुम्रपान जस्ता समस्यालाई न्यूनिकरण गर्नका लागी प्रहरी प्रशासन व्यवसायी संग समन्वय गरी नियन्त्रण तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

## लैङ्गिक समनता एवं सामाजिक समावेशिकरण

१२५. लैङ्गिक समानता तथा समाजिक समावेशिकरण प्रवर्धनका लागि विपन्न तथा लक्षित वर्गको आर्थिक सामाजिक र राजनैतिक शशक्तिकरणमा उच्च प्राथमिकता दिईनेछ ।

१२६. बाल अधिकार संरक्षण तथा बालमैत्री स्थानीय शासनको कार्यान्वयन गरिनेछ।

१२७. आर्थिक सामाजिक सांस्कृतिक रुपले पछाडी परेका वर्गको हितको लागि संरक्षणमुलक कार्यक्रम संचालन गरिनेछ ।

१२८. दलित, जनजाति ,अल्पसंख्यक र सिमान्तकृत वर्गको परम्परागत ज्ञान, सीप ,कला, पेशा एवं व्यवसायलाई संरक्षण र आधुनिकिकरण गरिदै लगिने छ ।

१२९. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति अनुरुप जोखिममा परेका हिंसा प्रभावित व्यक्तिहरुको संरक्षण, उद्दार, पुनर्मिलन र पुन स्थापनाका तथा सामाजिक पुनःएकिकरणका लागि अल्पकालिन आश्रय (सेफ हाउस) स्थलको संस्थागत सुदृढिकरण गरिनेछ।

१३०. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवलाई युवा पुस्तामा हस्तान्तरण गर्नका लागि अन्तरपुस्ता सीप हस्तान्तरण लगायत विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१३१. ज्येष्ठ नागरिकको जीवनयापन सहज र सम्मानजनक सुनिश्चित गर्नका लागि ज्येष्ठ नागरिक विश्राम गृह ,दिवा सेवा केन्द्र ,मिलन केन्द्र स्थापना तथा संचालन कार्यलाई निरन्तरता दिईनेछ ।यस्ता केन्द्रमा धार्मिक गतिविधि संचालन गर्नका लागि आवश्यक आध्यात्मिक प्रवचन तथा मनोरञ्जनका लागि आवश्यकता बमोजिम सामाग्री उपलब्ध गराईनेछ ।

१३२. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, प्रवर्द्धन तथा सशक्तिकरणका लागि समुदायमा आधारित पुनः स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ**

१३३. व्यक्तिगत घटना दर्तालाई ३५ दिन भित्र अनिवार्य रुपमा दर्ता गर्नको लागि प्रोत्साहन गर्नुका साथै सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३४. श्रावण र भदौ महिनामा गरिने सामाजिक सुरक्षा भत्ता दर्ता तथा नविकरण कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

१३५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि प्रत्यक वडामा अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फ**

१३६. संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सीप अभिवृद्धि, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका सेवाहरु प्रवाह गरीनेछ ।

१३७. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाइ सही सूचना र जानकारी लिन प्रोत्साहन गरिनेछ । वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका व्यक्तिहरुलाई आवश्यक कानुनी तथा आर्थिक सहायताका लागि विशेष पहल गरिनेछ ।

१३८. वैदेशिक रोजगारी तथा अन्य कारणले उत्पन्न मानसिक स्वास्थ्यको समस्यालाई न्यूनीकरण मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरीने छ । उक्त कार्यक्रमहरूमा वैदेशिक

रोजगारीबाट फर्केका आप्रवासी कामदारहरूको पहुँच सुनिश्चित गरीने छ । पालिकास्तरीय आप्रवासी श्रमिक सञ्जाल गठन तथा क्षमता विकास कार्यक्रम अगाडी बढाईनेछ ।

१४०. सुरक्षित आप्रवासन कार्यक्रमलाई संस्थागत गर्दै लगिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

**श्रम रोजगार सीप विकास तथा उद्यमशिलता विकासतर्फ**

१४१. रोजगारी सिर्जनामा वृद्धि गर्न रोजगारदाताको पहिचान, बेरोजगार तथा अर्धबेरोजगारको नक्साङ्कन तथा तथ्यांक संकलन गरिनेछ।

१४२. रोजगार सीप तथा उद्यमशिलता केन्द्रको सुदृढीकरण तथा रोजगारी सृजना, सीप विकास, सीप परीक्षण, उद्यमशीलता र श्रम सम्बन्धी सेवाहरूलाई एकीकृत र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१४३. श्रमिकहरूको दक्षता वृद्धि गर्न घरेलु तथा साना उद्योगसँग सहकार्यमा तालिम, पुनर्ताजगी कार्यक्रम, संचालन गरिनेछ।

१४४. रोजगारीको खोजीमा रहेका व्यक्ती र रोजगारदाताहरुको श्रम सम्वन्ध स्थापना गर्न निजी क्षेत्रको सहकार्यमा रोजगार संवाद मञ्च कार्यक्रम सञ्चालन गरिनेछ।

१४५. सम्भावित रोजगारदाता र बेरोजगार व्यक्तिहरूबीच श्रम सम्बन्ध स्थापना गर्न र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न कुश्मा नगरपालिकाको रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

१४६. लघु उद्यम विकासको मोडल अनुसार ,घरेलु तथा साना उद्यमको विकासमा जोड दिइनेछ। बजारको माग, श्रोतसाधनको उपलब्धता र जनचाहनामा आधारित उद्यम स्थापना तथा उद्यमीको स्तरोन्नति गरिनेछ।

१४७. वैदेशिक रोजगारीवाट फर्कीएका युवाहरुलाई स्थानीयस्तरमा रोजगारीको अवसर सृजना गर्नको लागि उद्यमशिलता तालिम सीप विकास तालिम संचालन गरी उद्यम विकासका कार्यक्रम संचालन गरिनेछ ।

१४८. लघु उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको बजारीकरणमा जोड दिदै स्थानीय उत्पादनको उपभोगमा प्रोत्साहन गर्ने नीति लिईनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

**विपद् जोखिम व्यवस्थापनतर्फ**

१४९. "विपद् उत्थनशील नगर, समृद्धिको आधार" भन्ने नारा आत्मसाथ गर्दै प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि स्थानीय विपद् व्यवस्थापन कोष सम्बन्धी कार्यविधि तयार गरी सो अनुसार विपदवाट प्रभावित व्यक्तिलाई छिटो, छरितो, चुस्त र प्रभावकारी रुपमा राहत वितरण कार्यलाई अगडी वढाईनेछ ।

१५०. विपदजन्य घटनाको रोकथाम तथा न्यूनीकरणका लागि वडास्तरीय विपद् सचेतना तथा अभिमुखीकरण कार्यक्रम र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालनलाई निरन्तरता दिईनेछ ।

१५१. विपद् पूर्व तयारी तथा विपद् पश्चात तत्काल राहत उद्धार र पुनस्थापनाका लागि नगर विपद् व्यवस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाइनेछ ।साथै विपदका घटनाहरुको तत्काल जानकारी दिनका लागि प्रत्येक वडामा तालिम प्राप्त विपद स्वयंसेवकलाई परिचालन गरिनेछ ।

१५२. विपदबाट क्षतिग्रस्त वा जोखिममा रहेका निजी आवासलाई सुरक्षित तरिकाले प्रबलीकरण, पुननिर्माण र पुनस्थापनाको कार्यलाई निरन्तरता दिइनेछ ।

१५३. विपदका घटना हुनासाथ उद्धार, राहत तथा खोज लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि विपद्उद्धार सामग्रीहरु खरिद गरी जिल्लास्थित सुरक्षा निकाय मार्फत परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५४. आगोलागिका लागि प्रयोग गरिने दमकल र नगरपालिका अन्तर्गतका ३ वटा स्वास्थ्य संस्थामा रहेको एम्बुलेन्स सेवालाई चौविसै घण्टा परिचालन गर्न सकिने गरी संस्थागत संयन्त्रको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१५५. विपद जोखिम न्यूनिकरणको लागि प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्थापना तथा पुननिर्माणमा अझ राम्रो र बलियो निर्माणका लागि विपद् पूर्वयारीको लागि सुदृढीकरण गरिनेछ ।

१५६. विपद् जोखिम न्यूनिकरणका लागि उत्थानशील समाज निर्माणको लागि आवश्यक नीति योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५७. विकास निर्माणका कार्यहरु संचालन गर्दा विपद जोखिमलाई मध्यनजर गरी विकास र विपद व्यवस्थपानलाई मूलप्रवाहीकरण गरिनेछ ।

१५८. विपद् व्यवस्थापनमा साझेदारी निकायहरुको समन्वय र परिचालनलाई निरन्तरता दिइनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

**वन वातावरण जैविक विविधता तथा फोहोरमैलातर्फ**

१५९. “संरक्षित जलाधार, जीवनको आधार” भन्ने नारा अत्मसाथ गर्दै नगर क्षेत्रभित्र रहेका मुख्य-मुख्य जलाधर क्षेत्रहरु ईनार, मूल, प्राकृतिक पोखरी, कुवालाई संरक्षण सम्वर्द्धन गर्दै लगिनेछ।

१६०. पवित्र धार्मिक कालिगण्डकी नदीलाई शुद्ध जल, शुद्ध स्नानको लागि घाट व्यवस्थापन र सोको संरक्षण सम्वर्द्धन गरिनेछ ।

१६१. नगर क्षेत्रभित्र वातावरण संरक्षण सम्वर्द्धनका लागि गाँउ बस्ती, टोल टोलमा सरसफाई सहित जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

१६२. वन क्षेत्रभित्र रहेका औषधिजन्य जडिबुटीको पहिचान गरि संरक्षण गरिनेछ ।

१६३. नगरक्षेत्रलाई स्वच्छ, सुन्दर र सफा बनाउन दैनिक संकलन हुदै आएको कुहिने र नकुहिने फोहोरलाई थप प्रभावकारी तवरबाट संकलन गरिनेछ ।

१६४. हाल फोहर संकलन गरिएको land field side मा कुहिने र नकुहिने फोहोरलाई प्रशोधन गरि पुनः प्रयोगमा ल्याउनको लागि संभाव्यता अध्ययन गरि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

१६५. कुहिने फोहोरलाई घरमा नै व्यस्थित गर्नको लागि कम्पोस्ट मल तयार गर्न आवश्यक तालिम दिई कौशी खेतीलाई प्रोत्साहन गरिनेछ ।

१६६. प्रत्येक वडामा फोहोर व्यवस्थापन समिती गठन गरि निश्चित ठाउँमा संकलन केन्द्र बनाई मासिक रुपमा नकुहिने फोहोर संकलन गरिनेछ।

१६७. कुश्मा नगरपालिका, बाग्लुङ्ग नगरपालिका, बेनी नगरपालिका र जलजला गाउँपालिकाको फोहोर मैलालाई एकिकृत रुपमा संकलन र व्वस्थित गर्न आवश्यक पहल गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा पेश भएको नीति तथा कार्यकमबाट आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटलाई समेत मार्ग निर्देशन प्राप्त भई यहि सभामा पेश हुनेछ।

यस गरिमामय सभामा पेश भएको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्गदर्शन गर्ने एवं सुझाव तथा पृष्ठपोषण गर्नुहुने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, विकास साझेदार, नगरमा क्रियाशिल राजनीतिक दल र नीति तथा कार्यक्रमलाई बजेटसँग तादम्यता गर्दै व्यवहारिक र वस्तुपरक नीति छनोटमा सहयोग गर्नुहुने नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु तथा नगरसभाका सदस्यहरु, कुश्मा नगरपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु लगायत संचारकर्मी, नागरिक समाज, निजीक्षेत्र, सहकारी तथा सामुदायिक संघ, संस्था र  नगरवासी सम्पूर्ण आमाबुबा दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक आभार व्यक्त गर्दै नगरवासीको तमाम अपेक्षा र चाहनाको प्रतिविम्ब हुने गरि नागरिकको सबैभन्दा नजिकको अभिभावक र सरकारको भुमिका निर्वाह गर्ने दिशामा नगरबासी र सम्पूर्ण सरोकारवाला निकायबाट भएको साथ, सहयोग, सहकार्य र समन्वयका लागि हार्दिक धन्यवाद प्रकट गर्दछु । आगामी दिनमा पनि यहाँहरुको निरन्तर सहयोग रहने छ भन्ने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद !**

**रामचन्द्र जोशी**
**नगर प्रमुख**
**२०८३ असार ७ गते**
**आइतबार**